# शहिद लखन गाउँपालिकाले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणबारे सार्वजनिक सुनुवाई कार्यक्रम-२०८० प्रतिवेदन

**सहजीकरण**

**सहमत मिडिया प्रालि**

## शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घैरुङ-गोरखा ।

## २०८० चैत्र २५ गते

## विषय सूची

१. विषय प्रवेश ....................................
२. सार्वजनिक सुनुवाईको उद्देश्य .....................
३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी .........................
४. सार्वजनिक सुनुवाई कार्यक्रम ...............................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु.................. .........
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ .............
७. निष्कर्ष .......................................
८. अनुसूचिहरु .......................................
अनुसूची १ : सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चारमाध्यममा प्रसारित सूचना ....
अनुसूची २ : सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता ..
अनुसूची ३ : नागरिक प्रतिबेदन र बहिर्गमन अभिमत ................
अनुसूची ४ : सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका ..........
अनुसूची ५ : सार्वजनिक सुनुवाई कार्यक्रमका केही तस्वीरहरु ........
अनुसूची ६ : पालिकाको सेवा प्रवाह र विकास निर्माण .......
अनुसूची ७ : कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ ..........
अनुसूची ८ : कार्यक्रमको उपस्थिति ..........

## १. पृष्ठभुमी

नयाँ संविधान २०७२ सालमा जारी भएपछि राज्य पुनः संरचना सहित तीन तहको सरकार सञ्चालनको क्रममा छन् । जनताको सबैभन्दा नजिकको सरकार हो स्थानीय सरकार । स्थानीय सरकारका व्यवहार र प्रतिफल जनताले प्रत्यक्ष अनुभूत गर्दै अवलोकन गरेका हुन्छन् । संविधान मार्फत धेरै अधिकार र जिम्मेवारी पाएका स्थानीय सरकारहरूले सक्रिय इमानदार, पारदर्शी, सक्षम र जवाफदेही भई कार्यसम्पादन गर्नु आवश्यक छ । स्थानीय सरकारले सहभागितामूलक लोकतन्त्र अवलम्बन गरी नियन्त्रण र सन्तुलनका आधारमा स्थानीय लोकतन्त्र सुदृढ गर्नेतर्फ पनि उत्तिकै ध्यान दिनु जरुरी छ । कानुनद्वारा शासन होइन, कानुनको शासन गर्नु सबैभन्दा महत्वपूर्ण हो । वित्तीय पारदर्शिता र जवाफदेही सुशासनका सर्वाधिक महत्वपूर्ण पाटा हुन् । प्राप्त स्रोतलाई विधिसम्मत, पारदर्शी, प्रतिफलदायी र दिगो विकास व्यवस्थापनमा खर्च गर्न सक्नुपर्छ । स्थानीय तहमा नियन्त्रण र जवाफदेही कमजोर भएमा सुशासनको जग नै खलबलिन्छ । जनमानसमा सार्वजनिक व्यवस्थापनप्रति वितृष्णा पैदा हुन जान्छ । तसर्थ स्थानीय सरकारहरूले सुशासनका अवयवहरूलाई संस्थागत गरी परिपालना गर्दै समयसापेक्ष शासकीय पद्धति सुधार गर्दै जानुपर्छ । संविधानले लिएको सुशासनका लक्ष्य प्राप्त हुन सरकारहरूबीच सुशासनको प्रतिस्पर्धा गराउन तथा प्रशासनिक संघीयता सुशासनमैत्री हुनु अति आवश्यक छ । सरकारहरूबीच सकारात्मक प्रतिस्पर्धा हुनु नै संघीयताको सुन्दर पक्ष हो । तर कतिपय अवस्थाहरुमा लोकप्रिय हुने होडले बाटो विराइरहेका पनि हुन सक्छौं । त्यस्ता विषयहरुमा जनताले खवरदारी गर्छन् । संविधान अनुसार जननिर्वाचित प्रतिनिधिहरुले पहिलो कार्यकाल पूरा गरेर दोस्रो कार्यकालमा पनि २ वर्ष पूरा हुने अवस्थामा छ । संविधान अनुसार तीनै तहका सरकार संचालनका लागि आफ्नै ऐन, कानून बनाउने र त्यसको कार्यान्वयन गर्ने कामको थालनी भएको छ । संघ सरकारलाई नीति निर्माण, प्रदेशलाई विकास निर्माण र स्थानीय सरकारलाई सेवा प्रवाह गर्ने सरकारका रुपमा व्याख्या गरिन्छ । तर तीनै तहले तीनैवटा कामहरु गरिरहेका छन्, आफ्नो क्षेत्राधिकार भित्र रहेर ।

विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले भरमग्दुर प्रयास गरिरहेको छ । राज्यको संरचना राज्यशक्तिको बाँडफाँट अव जनतामा विकेन्द्रित भएको छ । कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुसासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तब्योन्मुख उपभोक्ता देश विकासको मुख्य आधार मान्न सकिन्छ । तथापी सरकारहरु जनताप्रति उत्तरदायी हुन सकेका छैनन् भन्ने गुनासो निकै थियो र छ । पारदर्शिताका हिसावले पनि कमजोर थिए र छन् । अझैपनि प्राथमिकताले नभई पहुँचले अवसर पाउने परम्परा जिवित छ । आफुले गरेका विकास निर्माण र सेवा प्रवाहका विषयमा नागरिकको सन्तुष्टी मापन गर्नु र जनअपेक्षा अनुसार आफुलाई परिमार्जित गर्नु सरकारहरुको दायित्व हो । आफ्ना कामलाई सुशासन, पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने प्रचलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष सम्बोधन गर्ने उद्देश्यले यो कार्यक्रम गरिन्छ । जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहनेगरी कार्यक्रमको परिकल्पना गरिएको छ ।

आफ्ना कामबारे जनताले जाँच्छन् । उनीहरुको प्रतिक्रिया सुन्न र गल्ती नदोहोऱ्याउन यस्ता कार्यक्रम प्रभावकारी पनि छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ (५) ले गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाह पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई लगायत कार्यक्रम सञ्चालन गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले पनि सार्वजनिक सुनुवाई चौमासिक रुपमा गर्न निर्देशित गरेको छ । यस्तै, गण्डकी सरकारको सुशासन ऐन २०७६ र सामाजिक उत्तरदायित्व प्रबर्द्धन निर्देशिका २०७७ अनुसार सार्वजनिक सुनुवाईलाई अनिवार्य गरेको छ । अहिले स्थानीय सरकारहरुले सार्वजनिक सुनुवाइलाई प्रभावकारी रुपमा सञ्चालन गरिरहेका छन् । यसको अभ्यास गोरखाको शहिद लखन गाउँपालिकाले निरन्तर गर्दै आएको छ । गाउँपालिकाको आयोजनामा २०८० चैत्र २५ गते आइतबार वडा नम्बर २ को कार्यालय मनकामनामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । पालिकाले सबै वडा र टोलका नागरिकहरुको समस्या र गुनासो सुन्ने हेतुले हरेक चैमासिक सार्वजिनक सुनुवाई घुम्ती रुपमा सञ्चालन गर्दै आएको छ ।

## २. सार्वजनिक सुनुवाईका उद्देश्य

- गत आवमा सञ्चालित कार्यक्रम तथा योजनाबारे समिक्षा गरी मुल्यांकन, सुझाव र पृष्ठपोषण प्रदान गरिने,
- जनप्रतिनिधि तथा कर्मचारीले गरेको समग्र शाखागत मुल्यांकन तथा समिक्षा गरिने
- संवैधानिक व्यवस्था तथा सूचनाको हकको कार्यान्वयन गराइने,
- कार्यालयसँग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरीको विषयमा सुनुवाई गर्ने
- गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण पदाधिकारीको जवाफदेहीता र पारदर्शीता प्रबर्द्धन गरिने,
- गाउँपालिकाबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गराउने
- विगतमा गरिएका कमजोरीको समीक्षा गर्न र आगामी दिनमा त्यसबाट पाठ सिक्दै सुधारको खोजी गर्ने
- सेवाग्राही नागरिकको सचेतना जागृत गराउन तथा जनप्रतिनिधि र कर्मचारीलाई सेवाग्राहीप्रति अधिनस्थ बनाउने
- जनमैत्री सेवा विस्तार गर्न र नागरिकको सेवाप्रतिको सन्तुष्टी जाँच्ने
- सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने

## ३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी

क) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नको लागि व्यवस्थापन तथा सहकार्यको जिम्मेवारी सहमत मिडिया प्रालिलाई दिईयो ।

ख) सार्वजनिक सुनुवाई कार्यक्रमलाई ब्यबस्थित रुपमा सम्पन्न गर्नको लागि शहिद लखन गाउँपालिका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी र प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो । त्यसअघि कार्यक्रमबारे कार्यपालिका बैठकले नै निर्णय गरिसकेको थियो । सोही निर्णय अनुसार कार्यक्रमको तयारी थालिएको हो ।

ग) सार्वजनिक सुनुवाई कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ पालिकाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ता तथा सरोकारवालाहरुलाई पत्राचार गरिएको थियो । साथै वडा र पालिकाको सुचना पाटीमा पनि टाँसिएको थियो । रेडियो मार्फत पनि सूचना प्रवाह गरिएको थियो । (***प्रवाह भएको सूचनाको नमूना <u>अनुसूची १</u> मा रहेको छ ।***)

घ) सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो ।
(***आचार संहिताको नमूना <u>अनुसूची २</u> मा रहेको छ ।***)

## ४. सार्वजनिक सुनुवाई कार्यक्रम

पूर्व निर्धारित कार्यक्रम अनुसार सार्वजनिक सुनुवाई २०८० चैत २५ गते दिउँसो साढे १२ बजेदेखि शुरु भयो । सार्वजनिक सुनुवाई कार्यक्रम झण्डै साढे ३ घण्टा सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै शुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सञ्चालकको भूमिका निर्वाह गर्नुभएको थियो । गाउँपालिकाका अध्यक्ष रमेश बाबु थापा मगर ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष इन्दिरा तिवारीले स्वागत गर्नुभएको थियो भने कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कार्यालयको सेवा प्रवाहका बारेमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर ज्युले जानकारी गराउनुभएको थियो । यस्तै, वडाको गतिविधिबारे वडा नम्बर २ का सचिव मनोहरी ज्ञवाली र वडा नम्बर ३ का सचिव रश्मा थापाले प्रकाश पार्नुभयो । प्रमुख जवाफदेहीका रुपमा गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर सँगै, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर, वडाध्यक्षहरु, विभिन्न शाखाका प्रमुखहरु, अन्य जनप्रतिनिधिहरु, पत्रकार, उपभोक्ता समिति र टोल विकास संस्थाका प्रमुख प्रतिनिधि र नागरिक समाजका प्रतिनिधिहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा थप सहजीकरण गर्नुभयो ।

त्यसपछि सहजकर्ताले सार्वजनिक सुनुवाई आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराउँदै सार्वजनिक सुनुवाई कार्यक्रममा सबैले पालना गर्नुपर्ने नियमका बारेमा जानकारी गराउनुभयो । कार्यक्रममा पालिकाका विभिन्न वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किँदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सहमत मिडियाका किसान विकले सार्वजनिक गर्नुभयो । त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो ।
(***सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका <u>अनुसूची ४</u> मा रहेको छ । ***)

## ५. सार्वजनिक सुनुवाईका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा शहिद लखन गाउँपालिकाका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगरसँगै, वडाध्यक्षहरु लगायत जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, मनकामना धार्मिक क्षेत्र विकास समिति, उद्योग वाणिज्य संघ, मनकामना फोहोरमैला व्यवस्थापन समिति, खानेपानी तथा सरसफाई उपभोक्ता समिति, पत्रकार तथा नागरिक समाज, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, टोल विकास संस्था, समूह वा सन्जाल, क्लवका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु, प्रहरी लगायतको उपस्थिति थियो । (*सहभागीहरुको विवरण अनुसूची ५ मा रहेको छ ।*)

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

सार्वजनिक सुनुवाई कार्यक्रमको खुला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर, वडा नम्बर ३ वडाध्यक्ष दीपक पाण्डे र शाखा प्रमुखहरुले जवाफ दिनुभयो ।

(*खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ६ मा रहेको छ ।*)

## ७. निश्कर्ष :

सार्वजनिक सुनुवाई कार्यक्रम सौहार्द्धपूर्ण वातावरणमा सम्पन्न भयो । व्यक्तिगत रिसिइवी साँध्ने किसिमले कसैबाट पनि आरोप, प्रत्यारोप र लाञ्छना लगाउने कार्य भएन । कार्यक्रममा व्यापक उपस्थिति भएपनि सहभागीहरुले प्रश्न चाहिँ धेरै राख्नुभएन । कार्यक्रम अवधि भर सबैबाट शिष्ट र सभ्य भाषाको प्रयोग भयो । त्यसैगरी गाउँपालिका र वडाको तर्फबाट पनि आवश्यक जानकारी प्रश्तुत गरिनुका साथै सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक र प्रभावकारी किसिमबाट सञ्चालन गर्न सम्भव भयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुबाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा वडा र टोल तहबाट धेरै प्रश्न तथा गुनासोहरु एवं सुझावहरु आएका छन् । त्यसैगरी कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाई गरिएको छ । आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं । अर्को कार्यक्रम सन्चालन हुँदासम्म अहिले प्रतिबद्धता जनाईएका विषयहरु सम्बोधन हुने विश्वास लिएका छौं ।

एक कार्यकाल जनप्रतिनिधिले ब्यतित गरिसक्दा पनि प्रणालीगत सुधार र नयाँपन आउन नसक्दा आम नागरिकहरुमा आक्रोश बढी छ । यद्यपी जनसेवा भने पहिले भन्दा बढेको छ । जिल्ला सदरमुकाम पुग्नुपर्ने काम पालिकाबाट सम्पादन हुँदा संघीयताप्रति जनताको विश्वास बढ्दै गएको अनुभुती भएको छ । यसमा पनि थप सुधारहरु आवश्यक छन् । आगामी दिनमा ति सुधार हुने विश्वास लिएका छौं । साथै, गरिएका प्रतिबद्धता कार्यान्वयन हुने र प्रश्नहरु आगामी दिनमा नदोहोरिने आसा गरेका छौं । बक्राङ पालिकाबाट तुलनात्मक रुपमा निकै टाढा र अपायक हुने वडा हो । त्यसैले पनि नागरिकहरुको गुनासो स्वभाविक रुपमा बढी छ र अपेक्षा पनि बढी नै छ । समग्रमा कार्यक्रम निकै फलदायी रुपमा सम्पन्न भएको छ । खासगरी पहिलो चौमासिकमा कार्य प्रगती उल्लेख्य नहुने समस्या अहिले पनि सुल्झिएको छैन । आगामी दिनमा नयाँ आर्थिक वर्ष सुरु हुने वित्तिकै कार्यगत तीब्रता बढाउनुपर्ने अनिवार्य आवश्यक्ता छ । तवमात्रै नागरिकहरुले संघीयताको महशुस गर्न पाउने छन् ।

## ८. अनुसूचीहरु

# अनुसूची १

***सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सार्वजनिक सञ्चार माध्यमबाट प्रसारित सूचना***

**शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धि अत्यन्तै जरुरी सुचना**

गोरखाको शहिद लखन गाउँपालिकाले नागरिकलाई प्रदान गरेको सेवा प्रवाह र विकास निर्माण कार्यहरु सार्वजनिक गरी ती विषयमा नागरिकहरुले उठाएका प्रश्नहरुको सुनवाई गर्दै रचनात्मक सुझाव ग्रहण गर्न यही मिति २०८० चैत्र २५ गते विहान ११ बजे वडा नम्बर २ स्थित वडा कार्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएकोले कार्यक्रममा सहभागी भई आफ्ना प्रश्न, गुनासो तथा सुझाव व्यक्त गरिदिनुहुन गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**आयोजक**

**शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

**घैरुङ, गोरखा ।**

# अनुसूची २

**सार्वजनिक सुनवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।
१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ।

# अनुसूची ३

**बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन**

बहिर्गमन अभिमत **(Exit Poll)**

शहिद लखन गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या ५० जना ।

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | ३४ प्रतिशत |
| योजनाको नापजाँच गराउन | २२ प्रतिशत |
| योजनाको भुक्तानी लिन | १६ प्रतिशत |
| सूचनामूलक सामग्री प्राप्त गर्न | २ प्रतिशत |
| कार्यालयले बोलाएर आएको | १२ प्रतिशत |
| अन्य कुनै भए | १८ प्रतिशत |

**२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| अति स्पष्ट | ठीकै | अस्पष्ट |
|---|---|---|
| २८ प्रतिशत | ७२ प्रतिशत | ० प्रतिशत |

**३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

| अति धेरै | ठीकै | थोरै |
|---|---|---|
| १२ प्रतिशत | ८६ प्रतिशत | २ प्रतिशत |

**४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
|---|---|---|
| ९४ प्रतिशत | ६ प्रतिशत | ० प्रतिशत |

**५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?**

| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
|---|---|---|
| ३२ प्रतिशत | ६८ प्रतिशत | ० प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
|---|---|---|
| २२ प्रतिशत | ७६ प्रतिशत | २ प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
|---|---|---|
| १४ प्रतिशत | ८० प्रतिशत | ६ प्रतिशत |

## पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?

**राम्रा लागेका कुराहरु**

१. टोलटोलबाट भत्ता वितरण हुन्छ । बैंकसम्म पुग्न पर्दैन ।
२. पालिकाले बाहिरका क्याम्पस र कलेजहरुमा पढ्ने विद्यार्थीलाई पनि आर्थिक सहयोग गरेको छ ।
३. सेवाग्राहीहरु सेवा लिन जाँदा पर्खिनुपर्ने अवस्थाको अन्त्य भएको छ ।
४. जनप्रतिनिधि र कर्मचारी मिलनसार छन् ।
५. विकास निर्माण क्षेत्रमा धेरै परिवर्तन भएको छ । कामहरु भैरहेका छन् ।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. पालिकाले बनाएका कानूनहरुको कार्यान्वयनको अवस्था कस्तो छ ? त्यसको मुल्यांकन पालिकाले गरेको छ कि छैन ?
२. पालिकाले वितरण गरेका ग्याविन जालीहरु कुखुराको खोर बनाउन प्रयोग गरिएको छ । टनेल पनि सही ठाउँमा प्रयोग गरिएको छैन । पालिकाको ध्यानाकर्षण होस् ।
३. पालिकाले अपांगता भएकाहरुलाई सामग्री वितरण गरेको भन्ने सुनिन्छ । तर सबैले पाएका छैनन् । कसरी छनोट गरिएको हो ? छुटेकाले कहिले पाउँछन् ?
४. अपांगता परिचयपत्र वितरण गर्दा नातावाद, कृपावाद छ । नेताका मान्छे कम अशक्त भएपनि रातो कार्ड वितरण भएको छ, कोही थलाभित्र भएपनि ख वर्ग, ग वर्गको वितरण भएको छ ।
५. पालिका कार्यालय टाढा भएकोले घुम्ती सेवा प्रवाहमा जोड दिनुपर्‍यो ।
६. गाउँपालिका भवनको काम कहिले सकिन्छ ? नयाँ भवनबाट सेवा प्रवाह कहिलेदेखि हुन्छ ?
७. सार्वजनिक सुनुवाई कार्यक्रमहरुमा पालिकाले अनुदानका कार्यक्रमको अनुगमन गर्ने प्रतिबद्धता जनाएको थियो । प्रतिवेदन बन्यो कि बनेको छैन ? अनुदानका कार्यक्रम कत्तिको प्रभावकारी छन् ?
८. पालिकाले वितरण गरेका हाते ट्याक्टर बिग्रिएर थन्किएको छ । किसानले बनाउन पनि जानेनन् । राज्यको लगानी त्यसै खेर गैरहेको छ ।
९. अभियानका रुपमा आउने खोपहरु नियमित पनि सञ्चालन गर्नुपर्‍यो । दादुरा रुवेलाको खोप छुटेकाले कहाँबाट लगाउने हो ?
१०. प्राणघातक रोग लागेका व्यक्तिहरुले सरकारबाट उपचार सहयोग पाउने सुनिएको थियो । त्यो सुविधा लिन कहाँ जानुपर्छ ? मस्तिष्कघात भएका विरामीले उपचार खर्च पाउँछन् कि पाउँदैनन् ?
११. जंगलमा डढेलो अत्यधिक बढेको छ । डढेलो लगाउनेमाथि कारबाही होस्, जंगल जोगाउने कार्यक्रम के छ ?
१२. जनताले वन हुर्काएका छन् । डढेलो लाग्छ सकिन्छ, तर नागरिकले प्रयोग गर्न पाएनन् । सहज बनाइदिनुपर्‍यो
१३. वडाहरुलाई बजेट दिँदा भौगोलिक र जनसंख्याको अवस्था अनुसार वितरण गर्नुपर्‍यो, पहुँच हुनेले धेरै लाने र नहुनेले कम पाउने अवस्था छ ।
१४. योजनाका काममा अनुगमन पुगेन । कामहरुमा गुणस्तर छैन । अनुगमनलाई तीब्रता दिनुपर्‍यो ।
१५. कर्मचारीमा काम गर्ने क्षमता भएन । कतिपयले सिफारिस पनि लेख्न जान्दैनन् । सिफारिस लिएर जिल्ला गयो, नमिलेर फर्किनु परेको छ । पालिकाका लागि लेखेका सिफारिस पनि मिलेनन् ।
१६. पालिकाले सबैभन्दा धेरै मनकामनाबाट राजश्व उठाउँछ । तर विकास बजेटमा कन्जुस्याईं गरिएको छ । जहाँबाट कर, त्यही विकास बजेटको व्यवस्था होस् ।
१७. पालिका बनेपछि शिक्षा क्षेत्र झनै तहसनहस भयो । कतिपय स्कुलमा विद्यार्थी भन्दा शिक्षक बढी छन् । पालिकाभरीको शिक्षक विद्यार्थी अनुपात कस्तो छ ? शिक्षकभन्दा कम विद्यार्थी भएका विद्यालय छन् कि छैनन् ? छन् भने पालिकाले के गर्दैछ ?
१८. मनकामनाका सहरी क्षेत्रमा सार्वजनिक जग्गा मिचेर संरचनाहरु बनिरहेका छन् । सार्वजनिक सम्पत्तिको संरक्षण गर्न किन नसकेको हो ?
१९. योजनाहरुमा प्राविधिकले जाँचपास गरिसकेपछि पनि भुक्तानीमा ढिलाइ हुन्छ । कारण के हो ? भुक्तानीकै लागि पटक पटक कार्यालय धाउनुपरेको छ ।
२०. आयुर्वेद अस्पतालको खासै उपयोग नभएकोले हटाइदिए पनि हुन्छ । नत्र प्रभावकारी बनाइयोस् ।
२१. नयाँबस्ती देखि विद्यालयसम्म गोरेटो बाटो पनि नहुँदा बालबच्चालाई स्कुल जान समस्या भयो । वडा र पालिकाको ध्यानाकर्षण होस् ।
२२. मास्कीछापापमा निर्माण भैरहेको एक पालिका एक औद्योगिक ग्रामको काम किन अड्किएको हो ? यसको सदुपयोग कसरी गर्ने योजना छ ?
२३. वडावडाबाट पालिका जान गाडीको व्यवस्था गर्न धेरै पटक भन्यौं, तर सुनुवाई भएन ।

२४. पालिकाकै सहयोगमा निर्माण सुरु भएका सार्वजनिक भवनहरुको काम रोकिएको छ । करोड खर्च हुने भवनलाई २ लाख विनियोजन गरेर भवनहरु अलपत्र परेका छन् । पूर्णता दिन पहल होस् ।
२५. मनकामना मन्दिरको भेटीका बारेमा धेरै ठाउँहरुमा कुरा उठेको छ । समाचारहरु पनि आएका थिए । भेटि कति उठ्छ ? कसले चलाउँछ ? राज्यले आँफु मातहत ल्याउन किन प्रयास नगरेको हो ?
२६. मनकामना सहित विभिन्न ठाउँका होटल र पसलहरुमा मनपरी शुल्क र मुल्य लिन्छन् । अनुगमन कहिले हुन्छ ?
२७. बनौतिमा सामुदायिक भवन निर्माण थालेको पहिलै हो । अघिल्लो कार्यकालमा काम भैरहेको थियो, अहिलेको कार्यकालमा पैसा परेन । योजना अलपत्र छ ।
२८. तरकारी नरोप्नेले टनेल पाउने, दर्जनौं भैंसी पाल्नेले अनुदान पाएनन, एउटा भैंसी र गोरु पाल्नेले अनुदान खाए । किसानले भन्दा नक्कली किसानले अनुदान पाएका छन् ।

## नागरिक प्रतिवेदन (Citizen Report Card)

**शहिद लखन गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन-सहभागि नागरिक ५० जना ।**

**१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| २० प्रतिशत | ७६ प्रतिशत | ४ प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ३२ प्रतिशत | ५८ प्रतिशत | १० प्रतिशत |

**३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?**

| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
|---|---|---|
| ४६ प्रतिशत | ४ प्रतिशत | ५० प्रतिशत |

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?**

| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
|---|---|---|
| ८ प्रतिशत | ८८ प्रतिशत | ४ प्रतिशत |

**६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| छ | छैन | अलिअलि थाहा छ । |
|---|---|---|
| २० प्रतिशत | ५२ प्रतिशत | २८ प्रतिशत |

**७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?**

| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
|---|---|---|
| २६ प्रतिशत | ७० प्रतिशत | ४ प्रतिशत |

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?**

| १ पटक | २ पटक | सो भन्दा बढी |
|---|---|---|
| ६८ प्रतिशत | २० प्रतिशत | १२ प्रतिशत |

**९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| अति राम्रो | ठीकै | नराम्रो |
|---|---|---|
| १० प्रतिशत | ९० प्रतिशत | ० प्रतिशत |

**१०. कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाइ जानकारी छ ?**

| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
|---|---|---|
| १८ प्रतिशत | ४० प्रतिशत | ४२ प्रतिशत |

**११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
|---|---|---|
| ६ प्रतिशत | ८८ प्रतिशत | ६ प्रतिशत |

**१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?**

| | | |
|---|---|---|
| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
| ८४ प्रतिशत | १६ प्रतिशत | ० प्रतिशत |

**१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराब |
| ५६ प्रतिशत | ४२ प्रतिशत | २ प्रतिशत |

**१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराव |
| १६ प्रतिशत | ७४ प्रतिशत | १० प्रतिशत |

**१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
| ८ प्रतिशत | ८८ प्रतिशत | ४ प्रतिशत |

**१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| | | |
|---|---|---|
| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
| ८८ प्रतिशत | ० प्रतिशत | १२ प्रतिशत |

**१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईंलाई बोलाउने गरेको छ कि छैन ?**

| | | |
|---|---|---|
| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
| ४ प्रतिशत | ८६ प्रतिशत | १० प्रतिशत |

**१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| | | |
|---|---|---|
| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| ८६ प्रतिशत | १० प्रतिशत | ४ प्रतिशत |

**१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?**

| | | |
|---|---|---|
| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
| ५४ प्रतिशत | ४४ प्रतिशत | २ प्रतिशत |

**२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| ८ प्रतिशत | ३४ प्रतिशत | ५८ प्रतिशत |

# अनुसूची ४

## शहिद लखन गाउँपालिका, सार्वजनिक सुनुवाई कार्यक्रम-२०८०
## कार्यक्रम तालिका

| क.सं. | समय | विवरण | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | रमेशबाबु थापा-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>इन्दिरा तिवारी-उपाध्यक्ष<br>बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरु:**<br>प्रेम गुरुङ-अध्यक्ष, वडा नम्बर १<br>सकुन थापा-अध्यक्ष, वडा नम्बर २<br>दीपक पाण्डे-अध्यक्ष, वडा नम्बर ३<br>यमबहादुर थापा-अध्यक्ष, वडा नम्बर ४<br>यमबहादुर राना-अध्यक्ष, वडा नम्बर ५<br>लिना थापा-कावा. अध्यक्ष, वडा नम्बर ६<br>शरण श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ७<br>बासुदेव ढकाल-अध्यक्ष, वडा नम्बर ८ |

| | | | |
|---|---|---|---|
| | | | रामकुमार श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ९<br>कार्यपालिका सदस्य तथा अन्य जनप्रतिनिधिहरु<br>**जवाफदेही**<br>राजेन्द्र खनाल-प्रमुख, शिक्षा शाखा<br>वीरेन्द्र श्रेष्ठ-प्रमुख, स्वास्थ्य शाखा<br>ऋषि रोका-प्रमुख, कृषि शाखा<br>विवेक पुडासैनी-प्रमुख पशु सेवा शाखा<br>राजन रानाभाट-प्रमुख, पूर्वाधार शाखा<br>पूर्णबहादुर गहतराज-प्रमुख, प्रशासन शाखा<br>**सहजकर्ता** : प्रकाश ढकाल<br>**अतिथिहरु**<br>मनकामना क्षेत्र विकास अध्यक्ष-रामकुमार श्रेष्ठ<br>उद्योग वाणिज्य संघ अध्यक्ष-लिलाम्बर थापा<br>फोहोर व्यवस्थापन समिति अध्यक्ष-दिनेश जोशी<br>खानेपानी तथा सरसफाई समिति अध्यक्ष-प्रेम श्रेष्ठ<br>प्रहरी चौकी इन्चार्ज-जनकलाल सुवेदी<br>**पार्टी प्रतिनिधिहरु**<br>नेकपा एमाले जिल्ला उपसचिव-मनोज जोशी<br>नेपाली काँग्रेस पालिका सभापति-काशिनाथ अंगाई<br>नेकपा माओवादी प्रतिनिधि-कृष्ण श्रेष्ठ<br>नेपाल समाजवादी अध्यक्ष-राजेश आले<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | इन्दिरा तिवारी-उपाध्यक्ष |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत<br>मनोहरी ज्ञवाली, वडा सचिव-वडा नम्बर २<br>रश्मा थापा, वडा सचिव-वडा नम्बर ३ |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहमत मिडिया प्रालि |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | रमेशबाबु थापा, अध्यक्ष<br>इन्दिरा तिवारी, उपाध्यक्ष<br>बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>वडाध्यक्षहरु<br>शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>इन्दिरा तिवारी, उपाध्यक्ष<br>रमेशबाबु थापा, अध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |
| ११. | | चियापान | |

# अनुसूची ५

## कार्यक्रमका केही तस्वीरहरु













दोस्रो चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम
























दोस्रो चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम











# अनुसूची ६

## पालिकाको तर्फबाट प्रदान गरिएको सेवा प्रवाह र विकास निर्माणको अवस्था

(१) आम्दानी

| क.सं. | विवरण | रकम प्राप्ती | प्रतिशत |
|---|---|---|---|
| १. | संघ सरकार | २५ करोड ४५ लाख | ५८.९१ प्रतिशत |
| २. | प्रदेश सरकार | १ करोड ८२ लाख | ५७.६ प्रतिशत |
| ३. | राजश्व बाँडफाँट | ४ करोड ११ लाख | ३६.९५ प्रतिशत |
| ४. | आन्तरिक आम्दानी | ६२ लाख | ७५.४५ प्रतिशत |

(२) खर्च

| क.सं. | विवरण | रकम | प्रतिशत | |
|---|---|---|---|---|
| १. | चालू तर्फ | १९ करोड १५ लाख | ४५.०९ प्रतिशत | |
| २. | पूँजीगत तर्फ | ६ करोड ९२ लाख | ३२.१९ | |
| **जम्मा** | | **२६ करोड ८ लाख** | **४०.७१ प्रतिशत** | |

### घटना दर्ता विवरण (दोस्रो चौमासिक)

| विवरण | संख्या |
|---|---|
| जन्मदर्ता | २६३ |
| मृत्युदर्ता | १२२ |
| विवाहदर्ता | १७४ |
| बसाइसराई | ३७ |
| सम्बन्ध विच्छेद | २३ |
| **जम्मा** | **५५६** |

### पूर्वाधार तर्फ योजनाको अवस्था

| विवरण | संख्या |
|---|---|
| उपभोक्ता समिति मार्फत सम्झौता | १८३ |
| सम्पन्न भएर भुक्तानी दिइएका योजना | ७७ |
| कार्यान्वयनको चरणमा रहेका | १०६ |

**१० लाखसम्मका योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिएको छ भने बाँकी योजना टेण्डर मार्फत गरिएको छ ।**

**सभा सम्बन्धि विवरण:**

गाउँसभा अधिवेसन-१४ वटा
गाउँसभा बैठक-१५ वटा

### सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था

| विवरण | संख्या |
|---|---|
| नयाँ थप संख्या | २०५ |
| लगत कट्टा | १०७ |
| **अध्यावधिक संख्या** | **४७०८** |

# अनुसूची ७

## सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकहरुले उठाएका प्रश्न, गुनासो तथा सुझाव एवं कार्यालयको तर्फबाट व्यक्त गरिएका प्रतिवद्धताहरु

| | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | राजेश आले | ➢ हिमालय देवी युवा क्लवले बास्कोटको खेल मैदानलाई आफ्नो भनेर दावी गरेको छ । सामाजिक सञ्जालमा पनि आयो, तर पालिकाले आफ्नो भन्छ । कसको हो ?<br>➢ गाउँपालिकामा कर नतिरेको भनेर ६२३ जना लिष्टिङ भएको सुनिएको छ । त्यो विवरण के हो ?<br>➢ पालिकाका जनप्रतिनिधि र कर्मचारीले मासिक तलव कति लिन्छन् ? कसरी लिन्छन् ? यसको सार्वजनिक किन नभएको हो ?<br>➢ सार्वजनिक सुनुवाईमा योजनाको संख्या चाहिँ सुनाउनुहुन्छ । तर बजेट कति हो ? खर्च कति भयो ? त्यो विवरण पनि सार्वजनिक होस् । | ➢ यो खेलमैदानको लालपुर्जा गाउँपालिकाको नाममा छ । २८० कित्ता र २७६-८० कित्तामा १३३५.३८ वर्गमिटर जग्गाको लालपुर्जा पालिकासँग छ ।<br>➢ कर कार्यालयले प्यान दर्ता गरेर कर नतिरेको संख्या पत्राचार गरेको हो । यो समस्या राष्ट्रिय हो । ताकेता गरेका छौं ।<br>➢ जनप्रतिनिधिको तलवभत्ता प्रदेशको कानून अनुसार उपलब्ध हुन्छ । कर्मचारीको तलव भत्ता नियमानुसार हुन्छ । विवरण पालिकामा छ ।<br>➢ लामो हुने भएर विवरण सबै समावेश भएन । हेर्न मन लागे पालिकामा आउनुस् । आगामी दिनमा समावेश गरौंला । |
| २. | चेत ब. थापा | ➢ रैकर बेंसीमा ट्रान्समिटर ल्याएर राखेको १ वर्ष भैसक्यो, जडान कहिले हुन्छ ? किन जडान नगरिएको हो ? | ➢ तपाईंहरुकै कारण ट्रान्सफर्मर राख्न गाह्रो भएको हो । प्राविधिकका कुरा मान्नुपर्‍यो, जडान हुन्छ । |
| ३. | कृष्ण थापा | ➢ रामशाह घाटदेखि जुम्लीचौतारा सडकको पीच कति रकममा हुँदैछ, कहाँ पुग्यो काम ? कहिलेबाट सहज रुपले आवतजावत गर्न सक्छौं ?<br>➢ मुग्लीन करन्टार पुल के भैरहेको छ ? यसबारे जानकारी दिनुहोला ।<br>➢ कतिजना भूमिहीनले लालपुर्जा पाए ? के काम भैरहेको छ ?<br>➢ मनकामनाका जग्गा कहिले रैकर हुन्छन् ? पालिकाले केही किन गर्दैन ?<br>➢ गुठी जग्गाको मालपोत वडामा कहिलेदेखि तिर्न पाइन्छ ?<br>➢ काठेपोल विस्थापित कार्यक्रम स्थगीत भएको हो र ? नत्र धेरै ठाउँमा काठका पोल छन्, फेरिँदैनन् । | ➢ टेण्डर भैसकेको छ । काम रोकिएको छैन । बरु गुणस्तरीय कामका लागि निरन्तर घचघच्याऔं । छिटो सकियो भने हामीलाई नै फाइदा हो ।<br>➢ प्रक्रियामा गएको छ । सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छौं ।<br>➢ अहिले जग्गा वितरण भएको छैन । प्रक्रिया चलिरहेको छ ।<br>➢ पहिला क्षेत्र विकास समितिको व्यवस्थापन नयाँ व्यवस्थापन अनुसार गरौं अनि अघि बढ्छ ।<br>➢ राम्रो माग हो, हामी पहल गरिरहेका छौं ।<br>➢ कार्यक्रम स्थगीत भएको छैन । चलिरहेको छ । तर पर्याप्त रकम नहुँदा सबै ठाउँमा पुग्न सकेका छैनौं । |
| ४. | प्रदीप श्रेष्ठ | ➢ केवलकारदेखि मन्दिरसम्म ढुंगा छाप्ने कार्य किन रोकियो ? पूरा किन भएन ?<br>➢ मनकामना मन्दिरको बोका खुइल्याउने ठाउँमा बायो ग्याँस राख्ने कुरा थियो, किन राखिएन ?<br>➢ सार्वजनिक जग्गा मिचमाच भैरहेको छ । खासगरी केवुलकारबाट यस्ता जग्गा | ➢ यहाँका आन्तरिक कारणले नै रोकिएको हो । अर्को वर्ष निरन्तर होला ।<br>➢ बोका खुल्याउने ठाउँलाई बायो ग्याँसबाट व्यवस्थित गरौं भनेको हो । अझै अघि बढ्न सकेको छैन ।<br>➢ जग्गा मिचिएको कुरा हामीले पनि सुनेका छौं । त्यसैले खोजविन भैरहेको छ । |

| | | | |
|---|---|---|---|
| | | मिचिएको छ । पालिका सरकारको धारणा के हो ? | तपाईंहरुसँग भएको सुचना पनि दिनुहोला । हाम्रो ध्यानाकर्षण भएको छ । |
| ५. | विष्णु श्रेष्ठ | ➢ सिलिङमा बनिरहेको स्वास्थ्य चौकी भवन निकै ढिलो भैरहेको छ ।<br>➢ म किड्नी ट्रान्सप्लाण्ट गरेको मान्छे हुँ । सरकारले दिने भनेको रकम दिन किन ढिला भैरहेको छ ? | ➢ पहिले विभिन्न कारणले ढिलो भएको हो । अहिले अघि बढेको छ ।<br>➢ तपाईंहरुको निवेदन संकलन भएको छ । पठाएका पनि छौं । अब आउँछ होला । सबैको रोकिएको हो । |
| ६. | मनकुमार थापा | ➢ रामशाहघाटदेखि मनकामना आउने बाटोमध्ये बनौती हुँदै आउने चाहिँ हाइवे र रैकरबाट आउने बाटोलाई शाखा भनिएको छ । बर्खा लागेपछि रैकरबाट गाडी गुड्छ, हिउँदमा बनौतीबाट जान्छ । जनताले सुविधा पाएनन् । | ➢ शाखा र हाइवे भनेर छुट्याइएको छैन । दुवै बाटो महत्वपूर्ण छ । स्तरोन्नती पनि हुँदैछ । जनताले सबै समयमा गाडी चढ्न पाउनुपर्छ भन्ने माग संवेदनशील छ । हामी कुरा राखौंला । |
| ७. | कृष्ण श्रेष्ठ | ➢ विकास निर्माण योजनाको प्राथमिकीकरण हुन सकेको छैन । कतै नभई नहुने योजनामा काम भएको छैन, कतै नभएपनि हुने योजनामा पैसा परेको छ ।<br>➢ बस्ती नै नभएका ठाउँमा भवन निर्माण भैरहेको छ । बस्ती सरेर गैसक्यो, पालिकाले लगानी गरिरहेको छ । फेरी बसाईं सरेर गएको ठाउँमा पनि नयाँ भवन बनेको छ । | ➢ सुझाव राम्रो हो । योजना छनोटका चरण छन् । ७ चरण पार गरेर पालिकामा योजना आइपुग्छ । अनि बजेट विनियोजन हुने हो । गल्ती भए सुधारौंला ।<br>➢ बस्ती नै नभएका ठाउँमा सामुदायिक भवन बनेको छैन । बनिसकेपछि बस्ती उठेको चाहिँ हुन सक्छ । हामी भवन निर्माणलाई अलि कडाई गर्छौं । |
| ८. | काशिनाथ अंगाई | ➢ कृषिमा दिइएको अनुदानबाट उत्पादन कति बढ्यो ? अनुगमन गरेर त्यसका आधारमा कार्यक्रम अघि बढाउन किन सकिएन ?<br>➢ जग्गा बर्गीकरणका कारण नागरिकलाई समस्या भएको छ । पालिकाले कसरी यसको टुंगो लगाउँदै छ ? प्रक्रिया कहाँ पुगेको हो ? वडाले दिइएको सुझाव पनि सुनिएको छैन । बेलैमा ध्यान जाओस् । | ➢ अनुगमन गरिएको छ । किसानले उत्पादन पनि बढाएका छन् । तर तथ्यांकीय हिसावमा विवरण छैन । अब राखौंला ।<br>➢ जग्गा बर्गीकरणको काम अन्तिम चरणमा पुगेको छ । सच्याउनुपर्ने छ भने अझै निवेदन दिनुस्, हेरौंला । तर धेरै लामो छलफल र प्रक्रियापछि टुंगोमा पुग्न लागेका हौं, विभेद नहुने गरी गरेका छौं । |
| | मनोज जोशी | ➢ पालिकाका वडा नम्बर १, २ र ३ पालिकाको विभेदमा परेको छ । प्राथमिकता दिइएको छैन । | ➢ त्यसरी हेपेको होइन । स्रोत अनुसार बजेट पनि वितरण भएको छ । कुनै वडालाई चेप्ने कुनैलाई घचेट्ने भन्ने हुँदैन । |
| ८. | ……… | ➢ वित्तीय जोखिम मुल्यांकनमा पालिकाले राम्रो अंक नल्याएका कारण संघ र प्रदेशले दिने बजेट रोकिन्छ भन्ने सुनिएको छ । स्पष्ट बनाइदिनुस् न । | ➢ पैसा नआउने भन्ने होइन । सबै सामाजिक सञ्जालमा आएका कुरा मात्रै ठीक हुँदैनन् । हामी वित्तीय जोखिम मुल्यांकनमा पनि कमजोर होइन, होहल्ल त्यस्तो गरियो । |
| ९. | ……. | ➢ डाँडागाउँ र बनौतीको साँधमा रहेको हाइटेन्सन लाइनको पोल ७० प्रतिशत कुच्चिएर बसेको छ । पहिले पनि ध्यानाकर्षण गराएको, फेर्ने कहिले हो ? | ➢ अहिलेसम्म नोटिसमा थिएन । अहिले कुरा आएको छ । बजेट पनि छुट्याएका छौं । विद्युत प्राधिकरणका साथीहरुले स्टिमेट बनाउनुभएको छ, परिवर्तन हुन्छ । |

**नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतका विषयमा पालिका अध्यक्ष र उपाध्यक्षले जनाएका प्रतिबद्धताहरुः**

**अनुगमन हुँदैन, काम गुणस्तरहीन छन्**

अनुगमन दिग्दर्शन बनाइएको छ। सोही दिग्दर्शन अनुसार अनुगमन हुन्छ। ५ लाखभन्दा ठूला योजना पालिकाले अनुगमन गरेको छ भने त्यसभन्दा साना योजनाको अनुगमन गर्न वडाध्यक्षको संयोजकत्वमा समिति गठन भएको छ। हामीले स्टिमेट र प्राविधिक सहित गएर एउटै योजनामा २-३ पटकसम्म अनुगमन गरेका छौं। सम्भव भएसम्म साना योजनाको पनि अनुगमन भएको छ। हामीले प्रतिवेदन पेस गरेपछि मात्रै भुक्तानीको व्यवस्था मिलाएका छौं।

**अपांगता भएकाको परिचयपत्र वितरणमा विभेद भयो**

अपांगता भएकाको परिचयपत्र ४ प्रकारका छन्। हिजो महिला तथा बालबालिका कार्यालयबाट वितरण भएको थियो। त्यसबेला के भयो थाहा छैन, हामी अहिले नवीकरण गर्न थालेका छौं। अपांगता परिचयपत्र वितरण गर्न जाँदा घरमै पुगेका छौं। डाक्टर सहित गएका छौं। कुनै राजनीतिक आस्थाका आधारमा विभेद गरेको भन्ने आरोप झुटो हो। हिजोका दिनमा के भए थाहा छैन।

**अपांगता सहायता सामग्री प्राप्त नभएको**

वडा वडामा पत्राचार गरेका छौं। अति अशक्त व्यक्तिहरुको विवरण संकलन गर्ने र त्यसका आधारमा माग गर्छौं। माग धेरै छन् तर नभै नहुनेलाई वितरण पालिकाले गरिरहेको छ। पर्याप्त रकम छैन, प्राथमिकता अनुसार छनोट भएको छ। कोही छुट्नु भएको छ भने वडा मार्फत निवेदन दिनुस्।

**ट्र्याक्टर विग्रेको तर बनाउने प्राविधिक भएनन्**

ट्र्याक्टर वितरणसँगै अहिले वडा स्तरमा तालिमको व्यवस्था गरेका छौं। प्रत्येक वडामा २-३ जनाका दरले ट्र्याक्टर बनाउने तालिममा सहभागी हुनुहुन्छ। अरु तालिम पनि गरिरहेका छौं। हालसम्म १३३ वटा ट्र्याक्टर वितरण गरेका छौं। मर्मत सम्भारका लागि ९ वटै वडाबाट ३ जनाका दरले ३ दिनको तालिम दियौं।

**टनेलको सही प्रयोग भएन**

गत वर्ष २५ वटा टनेल वितरण गरेका थियौं। २५ प्रतिशत किसान र ७५ प्रतिशत पालिकाको सहभागीता थियो। साना किसान सहकारी मार्फत वितरण गरिएको हो। कतिपय किसानले सदुपयोग गर्नुभएको छ, कतिपयले सही प्रयोग गर्नुभएको छैन। जाली चाहिँ पालिकाले वितरण गरेको छैन। दुरुपयोग भएको रहेछ भने कानूनी दायरामा ल्याइन्छ।

**हाटबजार चलेन, कसरी चलाउने ?**

कोरोनाका कारण सुस्ताएको हो। पहिला राम्रोसँग चलेको थियो। उत्पादन गर्ने किसानहरु घटे, उत्पादन पनि राम्रो भएन। संचालक समिति पनि सक्रिय भएन। भोली २ बजेट सञ्चालनका लागि किसान र सरोकारवाला सहितको बैठक डाकेका छौं। १ गतेबाट सञ्चालन गर्ने भनेका छौं। प्रदेश सरकार, स्थानीय सरकार र किसान सहितको ७० लाख लागत लागेको छ।

**भैंसी पाल्नेले अनुदान पाएनन्, नपाल्नेलाई अनुदान किन ?**

गत वर्ष भैंसी पकेट कार्यक्रम अन्तर्गत वडा नम्बर २ र ३ तथा ७ र ८ मा भैंसी वितरण गरिएको थियो। ५० प्रतिशत अनुदानमा साना किसान सहकारी मार्फत सूचना निकालेर दुहुना भैंसी वितरण गरियो। ति भैंसीहरुबाट दुध उत्पादन गरेर राम्रो आम्दानी गरेका छन्। गैर किसानलाई होइन, किसानलाई नै वितरण गरिएको छ।

**मष्तिष्कघात प्राणघातक सूचीमा पर्छ कि पर्दैन ?**

८ वटा सूचीमा यो पनि सूचीकृत छ। क्यान्सर, मृगौला, मुटु अपरेसन, पार्किन्सन र अल्जाइमर, पक्षघात, मष्तिष्कघात पर्छ। सोही अनुसार सरकारले सहयोग गर्छ।

**दादुरा रुवेला छुटेकाले कहाँ खोप लगाउने ?**

छुटेकालाई पनि उपचार गरिरहेका छौं। धेरै संख्यामा छुटेका छन् भने तत्कालै हामी पुगेर लगाइन्छ। साना संख्यामा भए नियमित खोप अभियानमा १० देखि १२ सम्म मनकामनाको २ र ३ नम्बर वडामा दिइन्छ। सम्पर्क गर्नुहोला।

**गाउँपालिका भवनको काम अलपत्र ?**

६० प्रतिशत बजेट संघको र ४० प्रतिशत पालिकाको बजेट हो। पालिकाको बजेट पूरै खर्च भएको र संघबाट बजेट नआएका कारण रोखिएको हो। अहिले बजेट सुनिश्चित भैसकेको छ, काम अघि बढेको छ।

**प्राविधिक मुल्यांकनपछि भुक्तानी किन ढिलो ?**

मुल्यांकन प्रतिवेदन आएपछि भुक्तानी रोकिएको छैन। काममै कैफियत भएर पनि ढिलो भएको हुन सक्छ। काम र विल भरपाईको तारतम्य मिलेन भने पनि समस्या हुन्छ।

**शिक्षा तहसनहस भयो**

अस्ति भर्खर सम्पन्न परीक्षामा ३२०९ परीक्षार्थी सामुदायिक र ४ सय भन्दा बढी संस्थागत विद्यालयबाट विद्यार्थी सहभागी थिए। अनुपात १:१० छ। विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान भैरहेको छ। गुणस्तर सुधारको सन्दर्भमा लगानीको तुलनामा राम्रो छ। तर लगानी नै कम भएको छ। बालविकास संस्थाहरुको सवलीकरण गर्न ४८ वटै वालविकास केन्द्रमा सवलीकरण भैरहेको छ। रुम टू रिडसँगको सहकार्यमा साक्षरता कक्षासँगै १-३ को पठनपाठन सुधार गर्दैछौं। विशेषतः गणित लगायत विषयहरुको नतिजालाई सुधार गर्न अतिरिक्त कक्षाको व्यवस्था गरेको छ। ५ र ८ कक्षामा निशुल्क कक्षा चलाएका छौं। यो वर्ष ४-५ र ६-८ लाई अतिरिक्त कक्षा सञ्चालन गरियो। शिक्षक तालिम र क्षमता अभिबृद्धी तथा ३५ जना स्वयंसेवक शिक्षक व्यवस्थापन गरिएको छ।

**बनौतीको सामुदायिक भवन अलपत्र**

त्यहाँ वर्षेनी बजेट हाल्दा सबै उतै लग्यो भन्ने आरोप आउँछ। तर भवन नै पूर्ण नभएको होइन, केही काम बाँकी छ। करन्टार लगायत गाउँमा भवन नै बनेको छैन। अहिले प्राथमिकता दिँदा नयाँ ठाउँमा बनाएका हौं। आगामी दिनमा यो बन्छ। प्रदेशसँग पनि माग गरेको तर भवनलाई पैसा छैन भनेर फर्काइदिनुभयो।

**नयाँबस्ती देखि विद्यालयसम्मको बाटो बनेन**

वडामा धेरै टोल छ। सबैमा योजना दिँदा गाह्रो भयो। साना साना योजना भएपनि दिनैपर्ने बाध्यता छ। नयाँबस्तीका साथीहरुले यसअघि कहिलै माग्नुभएन, अहिले सुझाव आएको छ। म संवेदनशील भएको छु।

**मनकामना फोहोर व्यवस्थापन**

प्रकृयामा छौं। राष्ट्रिय योजना आयोगले बजेट विनियोजन गरेको छ। अस्ति भर्खर सार्वजनिक सुनुवाई पनि भएको थियो। केही समस्या भएको हो, सम्बोधन हुन्छ। नागरिकहरुले पनि सहजीकरण गरिदिनुपर्‍यो। हामीले अनुगमन गएर, अन्यत्र पनि अवलोकन गरेर आएका छौं। कसैलाई समस्या नहुने गरी फोहोर व्यवस्थापन गर्छौं। सुख्खा फोहोर व्यवस्थापन गर्न लागेका हौं।

**सार्वजनिक जग्गा संरक्षण**

स्थानीय तहले सार्वजनिक जमिन, वनको जग्गा संरक्षण गर्ने अधिकार पालिकालाई छ। गृह मन्त्रालयले पनि सार्वजनिक जग्गाको एकिन तथ्य मागेको छ। प्रत्येक वडाबाट विवरण संकलन भैरहेको छ। जिल्ला प्रशासनले पनि विशेष चासो दिएको छ। हामी प्रकृयामा छौं।

**आयुर्वेद अस्पताल काम विहिन**

घैरुङ र मनकामनामा आयुर्वेद छ। यसले सेवा प्रदान गरिरहेको छ। घैरुङको अस्पताल प्रदेश सरकार मातहत छ। मनकामना चाहिँ पालिका मातहत छ। उपयोगी र प्रभावकारी पनि छ।

**औद्योगीक ग्राम अलपत्र**


२०७६ देखि प्रदेश सरकारले एक पालिका एक औद्योगिक ग्राम बनाउने घोषणा गऱ्यो। ४० देखि ६० रोपनी जग्गा खोजी भयो। हामीले पनि विभिन्न मापदण्ड अनुसार मास्किछापलाई छनोट गरियो। पानी, मुख्य बाटो हेरेर छनोट गऱ्यो। प्रदेश सरकारले स्विकृत गऱ्यो, संघले पनि स्विकृत गऱ्यो। ९२ लाख रुपैयाँ पनि आयो। अनुगमन गर्न टोली जिल्लाबाट आएर वन क्षेत्र हो भने। त्यसपछि गोरखनाथ गुठी मातहत रहेको स्थानीयले भोगचलन गरिरहेको ५४ रोपनी जग्गा सिफारिस गरेका छौं। गुठी संस्थाले सहजीकरण गर्नुपर्छ, ३० पटक पुगें। साह्रै गाह्रो भयो। अहिले पालिकाले वास्तै गर्न छोडिसक्यो। फेरि हेरौंला।

**मनकामनाको भेटी व्यवस्थापन ?**

हामी पालिकामा निर्वाचित भएर आएपछि पटक पटक बहस छलफल भएको छ। क्षेत्र विकास समिति सुरुमा पालिका अन्तर्गत रहने भन्ने थियो, पछि संघमै रहने भन्ने भयो। अहिले पुस १८ बाट प्रदेशलाई अधिकार दिएको भन्ने सुनेको छु। भेटीघाटी व्यवस्थित गर्नुपर्छ, पुजारीको माग सम्बोधन गर्नुपर्छ। सानो हिसावले होइन, वृहद रुपमा छलफल चलाउनुपर्छ। छिटै प्रदेश सरकारले व्यवस्थित गर्छ भन्ने लागेको छ। पालिकालाई अधिकार भएको भए गरिसक्थ्यौं।

## अनुसूची ८


**सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति**




आज मिति २०८० साल चैत २५ गते ने.स. ११४४ चिल्लागा १३, आइतबारका दिन शहिद लखन गाउँपालिकाका आदरणीय अध्यक्ष श्री रमेश बावु थापा मगर ज्यूको अध्यक्षतामा आर्थिक वर्ष २०८०।०८१ को दोस्रो चौमासिक सम्म गाउँपालिकाबाट भएका कार्यहरुको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम निम्नानुसारको उपस्थितिमा सम्पन्न भयो।


तपसिलः

१. अध्यक्षः श्री रमेश बावु थापा मगर
२. उपाध्यक्षः श्री इन्दिरा तिवारी
३. प्रमुख प्रशासकीय अधिकृतः श्री बाबुराम मगर
४. वडा अध्यक्ष, वडा नं. १ः श्री प्रेम गुरुङ
५. वडा अध्यक्ष, वडा नं. २ः श्री शकुन थापा
६. वडा अध्यक्ष, वडा नं. ३ः श्री दिपक पाण्डे
७. वडा अध्यक्ष, वडा नं. ४ः श्री यम बहादुर थापा
८. वडा अध्यक्ष, वडा नं. ५ः श्री याम बहादुर राना
९. वडा अध्यक्ष, वडा नं. ६ः श्री दिलिप नारायण थापा
१०. वडा अध्यक्ष, वडा नं. ७ः श्री शरण श्रेष्ठ
११. वडा अध्यक्ष, वडा नं. ८ः श्री बासुदेव ढकाल
१२. वडा अध्यक्ष, वडा नं. ९ः श्री रामकुमार श्रेष्ठ
१३. कार्यपालिका सदस्यः श्री कृष्ण बहादुर प्रजा
१४. कार्यपालिका सदस्यः श्री लिना थापा
१५. कार्यपालिका सदस्यः श्री गीता परियार
१६. कार्यपालिका सदस्यः श्री हस्त कुमारी गुरुङ
१७. कार्यपालिका सदस्यः श्री शोभा नेपाली
१८. कार्यपालिका सदस्यः श्री विमला अंगाई ढंगाना
१९. वडा सदस्य, वडा नं. २ः श्री गोपी लाल थापा
२०. वडा सदस्य, वडा नं. २, न्यायिक समिति सदस्यः श्री झक्कल बहादुर थापा
२१. वडा सदस्य, वडा नं. २ः श्री रेक्शना दर्लामी
२२. वडा सदस्य, वडा नं. २ः श्री सिर्जना परियार
२३. वडा सदस्य, वडा नं. ३ः श्री ऋषिराम कट्टेल
२४. वडा सदस्य, वडा नं. ३ः श्री प्रदिप श्रेष्ठ
२५. वडा सदस्य, वडा नं. ३ः श्री रुकमणी गुरुङ
२६. वडा सदस्य, वडा नं. ३ः श्री कमला परियार



२७. लेखा अधिकृतः श्री सन्तोष लामिछाने
२८. इन्जिनियरः ई. राजन रानाभाट
२९. शिक्षा अधिकृतः श्री राजेन्द्र खनाल
३०. सि.अ.हे.व.: श्री विरेन्द्र श्रेष्ठ
३१. कृषि अधिकृतः श्री ऋषि रोका
३२. अधिकृत छैठौं: श्री पूर्ण बहादुर गहतराज
३३. अधिकृत छैठौं: श्री सानुकाजी बस्नेत
३४. ईन्जिनियरः ई. मेघनाथ प्रसाद यादव
३५. जनस्वास्थ्य निरीक्षकः श्री विश्व श्रेष्ठ
३६. रोजगार संयोजकः श्री प्रदिप श्रेष्ठ
३७. सूचना प्रविधि अधिकृतः श्री अर्विन थापा
३८. पशु चिकित्सकः श्री विवेक पुडासैनी
३९. कृषि स्नातकः श्री सुजन जंग थापा
४०. एम.आई.एस. अपरेटरः श्री सोम आले
४१. प्राविधिक सहायकः श्री संजोग थापा मगर
४२. ना.प्र.स्वा.प्रा.: श्री तारामणी घिमिरे





**समाप्त ।**